परिवर्तित सामाजिक-आर्थिक र राजनैतिक सन्दर्भमा सामुदायिक वनमा महिला अ/शसक्तिकरणको लैंगिक प्रक्रिया

Gendered process of women (dis)/empowerment in the changing socio-economic and political changes in the community forestry of Federal Nepal

७ औं सामुदयिक वन राष्ट्रिय कार्यशाला गोष्ठी

सिर्जना बराल, शारदा तिवारी, कृष्ण कुमार श्रेष्ठ, सुजाता तामाङ, कञ्चन लामा, कमल प्रसाद भण्डारी

परिचय

- नेपालका सामुदायिक वनमा महिला सहभागिता प्रशंसनिय मानिन्छ ।
  - वन स्रोतको संरक्षण गर्न
  - महिलाहरुको आर्थिक सशक्तिकरणमा न्यून कार्वन विकल्प
  - कानुनी रुपमा महिलका लागि बनेका समाबेशीका लागि सकरात्मक विभेदका प्रावधानहरु

- परम्परागत भूमिकासँगै नयाँ जिम्मेवारी बहन गर्न महिलाहरुले समयको चाप र तनाव सहनुपरेको ।
- संघिय व्यवस्थामा सामुदायिक वनका प्रक्रियामा महिलाको सशक्तिकरणमा भएको परिवर्तन सम्बन्धी अध्ययनहरुको अभाव ।

उद्देश्यहरु

- संरक्षण बाट बजार-उन्मुख व्यवस्थापन र सुशासन तर्फ परिवर्तित वन व्यवस्थापन पद्दतिमा महिला सशक्तिकरणको अवस्था मूल्यांकन गर्ने ।

- पुरुषहरुको बाह्य बसाईसराई /आप्रबासन र रेमिट्यान्समा आधारित अर्थतन्त्रको महिला सशक्तिकरणमा परेको प्रभावको खोजी गर्ने ।

- दैनिक वन अभ्यास र बढदो संस्थागत पदानुक्रमको अवस्थामा लैंगिक भूमिका मूल्यांकन गर्ने ।

बिधिहरु

वनमा महिला सशक्तिकरण Women Empowerment Forestry Index (WEFI) सूची /सूचकको विकास

महिलाहरुसँग अर्ध संरचनामा आधारित अन्तरवाता

- उपभोक्ता समूहहरु
- उपभोक्ता समितिका सदस्यहरु
- महासंघ र सञ्जालहरु

१० लक्षित समूह छलफल

आयोजना कार्यान्वयनको अवलोकन

स्थलगत रुपमा कार्यान्वयन भएका क्रियाकलापहरुमा सहभागिता

पुरुष सदस्यहरु सँग छलफल

सशक्तिकरणका ५ क्षेत्र/आयामहरु 5 domains of empowerment

निकाय Agency	• सावउसको निर्णय प्रक्रियामा सहभागिता • वन व्यवस्थापनका लागि घरायसी निर्णयमा स्वतन्त्रता • सावउस सम्बन्धि निर्णयहरुमा पहुँच र प्रभाव
स्रोत Resources	• सावका उत्पादन/वनपैदावारहरुमा पहुँच र नियन्त्रण • वन पैदावारहरुको वितरण प्रक्रियामा आवाज र/वा प्रभाव • वन पैदावारहरुको बिक्री प्रक्रियामा आवाज र/वा प्रभाव
आम्दानी Income	• सावउसको कोषमा पहुँच र नियन्त्रण
नेतृत्व Leadership	• सामाजिक र आर्थिक समुहहहरुमा सदस्यता • पद ग्रहण • सार्बजनिक भाषण/मन्तव्य
समय Time	• वन व्यवस्थापका क्रियाकलापहरुमा कार्यबोझ

१. निकाय (Agency)

➢निर्णय प्रक्रियामा पुरुषको प्रभाव उच्च

- पुरुषहरुको आप्रबासनले वन क्रियाकलापहरुमा महिला सहभागितालाई बढाएको छ
  - सावउसको निर्णय प्रक्रियामा न्युनसहभागिता
  - सावउसको कार्यसमितिमा उनीहरुको भूमिका सम्बन्धमा महिलाहरुमा न्यून सचेतना
  - बैठकहरुमा सहभागिताका लागि महिलाहरुमा रुची घटदै गएको ।
- बैधानिक आवश्यकता पूर्तिको लागि मात्र महिला

➢दलित, जनजाति, गरिव र उपेक्षित महिलाहरुलाई पछाडि पार्दै उनीहरुको स्थान सीमित टाठाबाठा महिलाहरुले ओगटेको अवस्था

➢बिद्यमान/निरन्तर संरचनात्मक र संस्थागत अवरोधहरुले साव प्रक्रियामा महिलाहरुको सशक्तिकरणलाई बाधा पुऱ्याएको

२.श्रोतहरु (Resources)

- काठलाई पुरुषको कार्यक्षेत्र (men's doman) को रुपमा लिने र महिलाहरुलाई काठको मुल्य श्रृंखलाबाट टाढा राख्ने ।
- दाउरा र जडिवुटीहरुका लागि महिलाहरु वनमा आश्रित हुने ।
- महिला वा गरिव घरधुरीका लागि छुट वा सहुलियतको व्यवस्था नहुनु ।
  - महिलाका आवाजहरु दबिएका
  - महिलाहरु लाइ अझै पनि दोस्रो दर्जाका उपभोक्ताको रुपमा हेरिएको
- कानूनी अड्चन तथा प्राविधिक भाषाको अत्यधिक प्रयोगले महिलाहरुलाई प्रोत्साहन गर्न नसक्दा महिलाहरु काठको बजार महिलाबाट टाढा

३. आम्दानी (Income)

- सावउसको कोषमा पहुँच र नियन्त्रण अपर्याप्त
- पुरुष सहकर्मीहरुको प्रभुत्व
  - निर्णय गर्दा परामर्शको अभाव
  - सावको आम्दानी र खर्चको बारेमा अस्पष्टता
- प्रभुत्व र अपमानः बदलाको प्रबृत्ति
- बिकासका कार्यहरुमा लगाव
  - सडक निर्माण र खानेपानीका परियोजना
  - सामाजिक कार्य र उत्सब, सभा समारोह
  - मन्दिर निर्माण
  - ज्याला, खाजा र बैठकभत्ता
  - सरल कर्जा : आयआर्जनका क्रियाकलापहरु, जस्तै बाख्रापालन
  - लैंगिकताका कारणले अन्याय
  - अशिक्षा, आत्मविश्वासको कमी, ससुरा र जेठाजु आदिका अगाडि बोल्न डराउन

४. नेतृत्व (Leadership)

- केहि अपवाद बाहेक संस्थागत संरचना अनुरुप महिलाको नेतृत्व कमजोर बन्दै गएको ।
- राज्य संरचनाको कारण महिलाको सहभागिताका लागि विभिन्न समूह उप समूह हरुमा महिलाको सदस्यता रहेको पाइन्छ ।
- तर नेतृत्वदायि भूमिका मा महिलाको भूमिका निकै संकुचित देखिन्छ ।
  - घरमुली तथा घरका अन्य पुरुष सदस्यहरुले नै भूमिका निभाउने
  - महिला नेतृत्वमा रहदा समेत पुरुषहरुले चाख नदेखाउने र साथ नदिने समस्याहरु
  - अध्यक्षको वनको रुपमा सामुदायिक वनलाई हेरिनु
- सार्वजनिक रुपमा महिलाहरुले अझै पनि आफ्ना इच्छाहरु प्रकट गर्न तथा वन व्यवस्थापनका निर्णमा प्रभाव पार्न नसक्नु
  - ठुलो मान्छेहरुको बिचमा बोल्न हुँदैन
  - संस्कारी नभइने
- संस्थागत संरचनामा अगाडि बढ्नका लागि सञ्चारको च्यानल महिलाहरु सदस्यबाट समितीमा र समितीबाट सञ्जालमा पुग्दा बिग्रने तथा टुट्ने गर्दछ ।

५.समय (Time)

- अमिल्दा/अप्ठेरो समय र अपायकको स्थान
  - पछिल्लो पुस्तामा यो घटदै गैरहेको
    - पशुपालन र पशुलाई आहारा खुवाउने प्रचलनमा परिवर्तन
  - आप्रवासन र जग्गा बाँझो छोडने प्रचलन

- महिला स्वयंले समय व्यवस्थापन गर्ने गरेको
  - बैठक तथा भेला, कार्यक्रममा आउने समय मिलाउनका लागि घरायसी कार्य/घरधन्दा भ्याउनुपर्ने
  - बैठक तथा भेला, कार्यक्रमका बारेमा समयमा खबर नहुँदा कार्यक्रममा सहभागि हुनबाट बञ्चित
  - दुरी तथा कार्यक्रम स्थल अपाएकका कारण अप्ठ्यारो

यस अनुसन्धानको महिला सशक्तिकरणमा पार्ने प्रभावहरु

- पुरुष वर्चस्वका मुख्य कारणहरु राजनीतिक, सामाजिक र सांस्कृतिक हुन् र ती गहिरो रुपले गासिएका छन् । **नीति र संस्थाहरुले यी गहिरो बाधाहरुलाई पहिचान गर्नुपर्दछ** र यसलाई सम्बोधन गर्ने महिला र पुरुष दुवै मिलेर काम गर्नुपर्छ ।
- महिला र पुरुष दुवैको लागि वन क्षेत्रबाट मुख्य **आर्थिक प्रतिफलको** रुपमा काठलाई विचार गर्न **संस्थागत र नीतिगत अवरोधहरु हटाउनु** पर्छ ।
- महिला समूहहरुलाई **अन्तरच्छेदन दृष्टिकोणबाट हेरिनुपर्छ** र नीति र संस्थाहरुले यस्ता आवश्यकता र विचारहरुलाई बर्गीकरण गरेर प्राथमिकतामा राख्नुपर्छ ।
- धेरै समितिहरु मतहतका पदहरुमा महिलाले नेतृत्व गरे पनि तिनीहरुको आवाज केही पुरुषहरुको नियन्त्रणमा छ । त्यसैले **महिला नेतृत्वलाई अर्थपूर्ण** रुपले उजागर गर्न क्षमता विकास र वकालत कार्यक्रमहरु आवश्यक छन् ।

निष्कर्ष

- सकारात्मक बिभेदका बिभिन्न प्रावधानहरुका बाबजुत नेपालका सामुदायिक वनमा महिला सशक्तिकरण एक चूनौतिको रुपमा नै रहेको छ ।
- बढदो संस्थागत मर्यादाक्रमसँगै यस्तो चूनौति बढने गरेको ।
- महिला सशक्तिकरणको प्रक्रियालाई प्रभावकारी बनाउन निकै मेहनत गर्नु पर्ने
- महिला समूहहरुभित्रै रहेको असमानतालाई समेटन समुदाय स्तरका संस्थागतका व्यवस्थालाई परिमार्जन गर्नु आवश्यक छ ।
- सामुदायिक वनको परिवर्तित सन्दर्भमा उपलब्ध हुन सक्ने आर्थिक लाभ प्राप्त गर्न पर्याप्त र सुरक्षित पहुँच र प्रभावलाई बढावा दिनु पर्ने ।

धन्यवाद